कार्यपालिका बैठक संख्या: ३४

मिति: २०८०/०९/१८

आज मिति २०८० साल पौष महिनाको १८ गतेका दिन यस राप्ती सोनारी गा.पा. अध्यक्ष श्री लप्त बहादुर पौडेल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री लप्त बहादुर पौडेल - | गा.पा. अध्यक्ष |
| २. | श्री मनिषा सिंह थापा - | गा.पा. उपाध्यक्ष |
| ३. | श्री पम बहादुर खड्का - | १ नं. वडा अध्यक्ष |
| ४. | श्री ज्ञानेन्द्र राज वली - | २ " — " |
| ५. | श्री मित्र कुमार थापा - | ३ " — " |
| ६. | श्री मित्रराज खड्का - | ४ " — " |
| ७. | श्री मगाम थापा - | ५ " — " |
| ८. | श्री लपराज खरेल - | ६ " — " |
| ९. | श्री रामलखन थापा - | ७ " — " |
| १०. | श्री शालिकराम डाँगी - | ८ " — " |
| ११. | श्री सोहनलाल थापा - | ९ " — " |
| १२. | श्री राधिका सुनार - | कार्यपालिका सदस्य |
| १३. | श्री धन कुमारी वली - | " — " |
| १४. | श्री गौत्रा डाँगी - | " — " |
| १५. | श्री सुमित्रा थापा - | " — " |
| १६. | श्री थान ब. वि.क. - | " — " |
| १७. | श्री केशवराज बराई - | " — " |
| १८. | श्री ओम प्रकाश देवकोटा | प्र.प्र.अ (प्र.सचिव) |
| | सहयोगी कर्मचारीहरू | |
| १९ | श्री जनार्दन पौडेल | - सू.प्र.अ. |
| २०. | श्री राम तिलक थापा | - के.अ. |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ३४**    **स्थान: वडा नं ८ ओभरी**    **मिति २०८०/०९/१८ गते**

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया बाँके
लुम्बिनी प्रदेश नेपाल

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून तथा कार्यविधि स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. प्रतिनिधि सभा कृषि, सहकारी तथा प्राकृतिक श्रोत समितिको स्थलगत अन्तर्क्रिया गोष्ठीमा पठाउने राय सुझाव सम्बन्धमा।
५. गाउँसभाको १४ औं अधिवेशन आव्हान सम्बन्धमा।
६. कार्यपालिकीय समितिहरुको प्रतिवेदनको समीक्षा सम्बन्धमा।
७. गाउँपालिका तथा वडा कार्यालयले नागरिकलाई दिने सेवा सुबिधाको समीक्षा सम्बन्धमा।
८. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
९. विद्यालय कर्मचारी (लेखापाल), बाल विकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीको पाठ्यक्रम स्वीकृत सम्बन्धमा।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौंट सम्बन्धमा।
११. शीतलहर प्रतिकार्य योजना अद्यावधिक सम्बन्धमा।
१२. तराई मधेश समृद्धि कार्यक्रम माग सम्बन्धमा।
१३. खोप केन्द्र निर्माण सम्बन्धमा।
१४. आयोजनाको म्याद थप सम्बन्धमा।
१५. पुनः मूल्यांकित बोलपत्र अनुमोदन गर्ने सम्बन्धमा।
१६. बजारस्थल माग गर्ने सम्बन्धमा।
१७. शवदाह स्थल माग गर्ने सम्बन्धमा।
१८. गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन सम्बन्धमा।
१९. गाउँपालिकास्तरीय गुनासो व्यवस्थापन समिति गठन सम्बन्धमा।
२०. स्वास्थ्य वीमा संयोजन समिति गठन सम्बन्धमा।
२१. मालपोत कार्यालय बाँकेलाई सहयोग गर्ने सम्बन्धमा।
२२. क्रसर उद्योगलाई अस्थायी अनुमति दिने सम्बन्धमा।
२३. सहमति प्रदान गर्ने सम्बन्धमा।
२४. विविध।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

**निर्णय नं. ६**

यस राप्ती सोनारी गाउँपालिकाको कार्यपालिका अन्तर्गत रहेका आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकास र विधेयक समितिको हालसम्मको काम कारवाहीका बारेमा पेश भएको अनुसूची १ बमोजिमको प्रतिवेदनमा समीक्षा गरियो। समीक्षाबाट प्राप्त सुझाव कार्यान्वयन गरी नागरिकलाई दिने सेवा सुविधा, विकास निर्माण तथा विपद् व्यवस्थापनका क्षेत्रमा थप क्रियाशील रहने निर्णय गरियो।

**निर्णय नं. ७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएका यस गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट नागरिकलाई प्रदान गरिने सेवा सुबिधाका बारेमा समीक्षा गरियो।

**निर्णय नं. ८**

यस राप्ती सोनारी गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८०/०७/२१ गतेको निर्णय नं २ र १० अनुसारका शिक्षकहरुलाई गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा खटन पटन गरिएको निर्णय अनुमोदन गरियो।

**निर्णय नं. ९**

यस राप्ती सोनारी गाउँपालिका मातहत रहेका सामुदायिक विद्यालयहरुमा रिक्त रही पदपूर्ति गर्नु पर्ने विद्यालय कर्मचारी (लेखापाल), बाल विकास सहजकर्ता तथा विद्यालय सहयोगी कर्मचारीको परीक्षा सञ्चालनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश हुन आएको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

यस राप्ती सोनारी गाउँपालिकाले आ. व. २०८०/८१ मा सञ्चालन गर्नु पर्ने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु मिति २०८० माघ १० गते सम्म सिफारिश गर्न वडा समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ११**

यस राप्ती सोनारी गाउँपालिकाको शीतलहर प्रतिकार्य योजना, २०७९ को अद्यावधिक संस्करण २०८० लाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

आर्थिक वर्ष २०८१/८१ का लागि तराई मधेश समृद्दि कार्यक्रम मार्फत तपसीलको कार्यक्रम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग माग गर्ने निर्णय गरियो।

तपसीलः

१. कृषि उपज संकलन केन्द्र निर्माण राप्ती सोनारी गाउँपालिक वार्ड नं. ८ रु. ५० लाख
२. चिलहरिया देखि ललहीसम्म सडक स्तरोन्नती राप्ती सोनारी गाउँपालिक वार्ड नं. ५ रु. ५० लाख

**निर्णय नं. १३**

यस आ. व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम खोपकेन्द्र ट्रष्ट निर्माण (१-९) शीर्षकबाट वार्ड नं. ५ को विनौना, ६ को सिधनवा र ९ को महादेवामा एक एक खोपकेन्द्र निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

गत आ. व. ०७८/७९ मा यस गाउँपालिकाले विभिन्न कामका लागि ठेक्का पट्टाका माध्यमबाट काम गर्ने भनी संझौता भएको तर समयमा नै काम सम्पन्न गर्न नसकेका तपसीलका आयोजनाहरुले म्याद थपका लागि निवेदन

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

समेत पेश गरेकोले उक्त निवेदन उपर जाँचबुझ गर्दा २०८० चैत्र मसान्तसम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने साथै सो आयोजनाहरुको लागि आवश्यक बजेट आगामी आ. व. मा विनियोजन गर्ने निर्णय गरियो।

| सि नं | ठेक्का नं | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | RSRM/WORKS/078/79/05 | Cold Store House and Cooling Machine Installation | |

**निर्णय नं. १५**

यस राप्ती सोनारी गाउँपालिकाको मिति २०८०/०७/२४ मा बोलपत्र आव्हान सम्बन्धी प्रकाशित सूचना अनुसार ठेक्का नं RSRM/WORKS/080-81/09 को Dhakeri & Gauri Tole मा Nali Nirman (विभिन्न तिन ठाउँ) Rapti Sonari-8 & 9 Banke ठेक्का मूल्यांकनका क्रममा भूलवस पञ्चदेवी निर्माण सेवाले प्राप्त गरेको भनी आशय समेत निकालेको अवस्थामा पुनः मूल्यांकन गर्दा सौरभ कन्स्ट्रक्सनले प्राप्त गर्ने भनी पूर्वाधार विकास शाखाबाट राय समेत पेश भएकोले प्रचलित कानून बमोजिम सौरभ कन्स्ट्रक्सनको नाममा पुनः आशयको सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १६**

यस गाउँपालिकाको कृषि उपजका रुपमा रहेको तरकारी, फलफुल तथा खाद्यान्नको दीगो बजार व्यवस्थापन गर्नका लागि राप्ती सोनारी गाउँपालिकामा एक संकलन केन्द्र स्थापना गर्न साझेदार संस्थालाई सहयोगका लागि आव्हान गर्ने, संकलन केन्द्रबाट बजारस्थलसम्म पुर्‍याउने काममा कृषि सहकारी संस्थाहरुलाई सहजीकरणका लागि अनुरोध गर्ने र बजार स्थापना गर्ने स्थान उपलब्ध गराउन नेपालगंज उपमहानगरपालिका तथा कोहलपुर नगरपालिकासंग गाउँपालिकाको तर्फबाट प्रर्वद्धनात्मक कार्यक्रम सहित अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

नेपालगंज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, बैजनाथ नगरपालिका र यस राप्ती सोनारी गाउँपालिकाका नागरिकहरुको मृत्यु पर्यन्त संस्कारका लागि प्रयोग गर्दै आइरहेको राप्ती सोनारी गाउँपालिका वार्ड नं २ अगैयामा रहेको शवदाह स्थल माथि उल्लेखित स्थानहरुबाट टाढा रहेको, बस्ती नजिक रहेको, अव्यवस्थित रहेको र सो स्थानमा संरचना निर्माण गरी व्यवस्थित गर्न विद्यमान वन तथा निकुञ्ज कानूनको प्रावधान बमोजिम कठिन रहेकोले यस राप्ती सोनारी गाउँपालिका वार्ड नं २ शमशेरगंज नजिक राप्ती नदी तटीय क्षेत्रमा शवदाह स्थल (समसान घाट) निर्माण गर्न नेपाल सरकारसंग अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १८**

राप्ती सोनारी गाउँपालिका खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८० को दफा ४ बमोजिम तपसील अनुसारको गाँउपालिकास्तरीय खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो।

(१) गाउँपालिका अध्यक्षले तोक्नु भएका भलिवलका पूर्व राष्ट्रिय खेलाडी **श्री तेज बहादुर सुवेदी** –संयोजक
(२) वार्ड नं ६ का अध्यक्ष श्री लवराज खरेल – सदस्य
(३) पूर्व खेलाडी श्री भक्त बहादुर राना – सदस्य
(४) पूर्व खेलाडी श्री ममता थापा – सदस्य
(५) श्री सृजना युवा स्पोर्टस क्लब चिलहरिया का प्रतिनिधि – सदस्य
(६) श्री साइनिङ्ग स्टार युवा क्लबका प्रतिनिधि श्री नारायण डि. सी. – सदस्य
(७) शिक्षक श्री जंगवीर थारु (गणेश मा. वि., ढकेरी) – सदस्य
(८) श्री खुसी राम थारु, प्रधानाध्यपक (Children Paradise, रा. सो.- ५) – सदस्य

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(९) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री जीवन न्यौपाने -सदस्य सचिव

**निर्णय नं. १९**

राप्ती सोनारी गाँउपालिका गुनासो तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८० को दफा १२ बमोजिम तपसील अनुसार गाउँपालिकास्तरीय गुनासो व्यवस्थापन समिति गठन गर्ने तथा दफा १० बमोजिम वडास्तरीय गुनासो व्यवस्थापन समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो।

तपसीलः

१. अध्यक्ष श्री तप्त बहादुर पौडेल -संयोजक
२. उपाध्यक्ष श्री मनिषा सिंह थारु -सदस्य
३. सुसाशन तथा संस्थागत विकास समिति संयोजक श्री सालिक राम डाँगी -सदस्य
४. सूचना अधिकारी श्री जीवन न्यौपाने -सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा -सदस्य सचिव

**निर्णय नं. २०**

स्वास्थ्य वीमा वोर्ड नियमावली,२०७५ को नियम २६ र राप्ती सोनारी गाउँपालिका स्वास्थ्य वीमा संयोजन समिति संचालन कार्यविधि,२०७९ को दफा ३ बमोजिम तपसील अनुसार गाँउपालिका स्तरीय स्वास्थ्य वीमा संयोजन समिति तपसील अनुसार गठन गर्ने निर्णय गरियो।

तपसीलः

१. अध्यक्ष श्री तप्त बहादुर पौडेल -संयोजक
२. उपाध्यक्ष श्री मनिषा सिंह थारु -सदस्य
३. ७ नं वडा अध्यक्ष श्री रामलखन थारु - सदस्य
४. प्रतिनिधि, सेवा प्रदायक संस्था (भेरी अस्पताल) - सदस्य
५. दर्ता अधिकारी स्वास्थ्य वीमा वोर्ड श्री रमेश आ - सदस्य
६. स्वास्थ्य क्षेत्रमा क्रियाशील श्री झलक के. सी. राप्ती सोनारी- ८ - सदस्य
७. सा. महिला स्वास्थ्य स्वयंसेविका श्री लक्ष्मी घर्ति राप्ती सोनारी- ६ - सदस्य
८. स्वास्थ्य शाखा प्रतिनिधि श्री नवराज शाही
९. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा सदस्य - सचिव

**निर्णय नं. २१**

भूमिसुधार तथा मालपोत कार्यालय बाँकेको मिति २०८०/०७/२० च. न. ५१३ को पत्रानुसार तहाँ कार्यालयको पर्खाल निर्माण तथा मर्मतका लागि रु. २,००,०००/- (अक्षेरुपी दुई लाख मात्र) बराबरको सहयोग नयाँ नापी तथा मालपोत कार्यालय स्थापना सहयोग शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. २२**

सिक्टा सिंचाई आयोजनाको ठेक्का नं SIP/PHW/NCB-01/079-80 को Constructions of Headworks for Paruwa Khola Irrigation System in Rapti Sonari -08, Banke को कार्य गर्न ठेकेदार कम्पनी पि. एस. निर्माण सेवा बैजनाथ गाउँपालिका स्थायी लेखा नम्बर ३०३८७६९११ र राप्ती सोनारी गाउँपालिका वार्ड नं ८ स्थित नवदुर्गा प्रोसेसिङ्ग प्रा. लि. स्थायी लेखा नम्बर ६०६३३७११० बीच आयोजनालाई आवश्यक पर्ने नदीजन्य पदार्थ आपूर्ति गर्न सम्झौता भई प्रचलित कानूनले तोकेका कागजात सहित पेश हुन आएकोले मिति २०८१ असार

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया बाँके लुम्बिनी प्रदेश नेपाल

मसान्तसम्म मान्य अवधि रहने गरी अस्थायी क्रसर उद्योग स्थापनाका लागि अस्थायी अनुमति पत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २३**

यस गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने चाहने तपसीलको गैर सरकारी संस्थाहरुलाई दिइएको सहमति अनुमोदन गर्ने निर्णय गरियो।

| सि न | संस्थाको नाम | कार्य/विषय क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | दलित महिला संघ (FEDO) बाँके | दलित महिला अधिकार | |

**निर्णय नं. २४ विविध।**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) २०८० माघ १ पर्ने थारु समुदायको महत्वपूर्ण पर्वका रुपमा रहेको माघी पर्वलाई मध्यनजर गरी २०८० माघ १ गते संघ सरकार तथा माघ २ गते प्रदेश सरकारले सार्वजनिक विदा तोकेकोले माघ ३ गतेका लागि राप्ती सोनारी गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य संघ संस्थाहरु बन्द रहने गरी सार्वजनिक विदा दिने।

(ख)बाँके राष्ट्रिय निकुञ्जमा Time Card लागु गरिएसंगै अगैया बजारदेखि बैजापुर हुँदै नेपालगंजसम्म जाने सवारी साधनहरुको चाप पर्न थाले पछि ट्राफिक चुनौतीलाई न्यूनीकरण गर्न अगैया बजारमा ट्राफिक प्रहरी पोष्ट स्थापनाका लागि जिल्ला प्रशासन कार्यालय, बाँके र जिल्ला ट्राफिक कार्यालयमा अनुरोध गर्ने।

(ग) एक स्थानीय तह एक क श्रेणीको ईलाका प्रहरी कार्यालय स्थापना गर्नु पर्ने नेपाल सरकारको नीति रहे पनि यस राप्ती सोनारी गाउँपालिकामा हालसम्म क श्रेणीको ईलाका प्रहरी कार्यालय नभएकोले ईलाका प्रहरी कार्यालय धामपुरलाई स्तरोन्नतिका लागि जिल्ला प्रशासन कार्यालय, बाँके मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने।

(घ) Nepal Association of Tour and Travels Agents Banke Chapter को मिति २०८०/०८/२८ को प्रस्तावना बमोजिम पर्यटन प्रर्वद्धनका लागि बाँके राष्ट्रिय निकुञ्जमा गरिने १ दिने जंगल सफारी कार्यक्रममा आउने विशिष्ट पाहुनाहरुको खाना तथा नास्ताको लागि आवश्यक रकम रु ४२०००। (अक्षेरुपी बयालिस हजार मात्र) वडा नं ६, ९ र १ (पर्यटन स्थल/होमस्टे प्रर्वद्धन) शीर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकाको तर्फबाट व्यवस्थापन गर्ने।

(ङ) यस गाउँ कार्यपालिकाको ३२ औं बैठकको निर्णय नं १९ मा गौशलाका कर्मचारीलाई पारिश्रमिक दिने भनिएकोमा उक्त शीर्षकको श्रोत राजश्व बाँडफाँड लुम्बिनी प्रदेश सरकार रहेको र प्रदेशबाट रकम निकासा प्राप्त नभएकोले हाललाई विविध शीर्षकबाट खर्च लेख्ने र प्राप्त भए पश्चात सोधभर्ना गर्ने।

(च) नेपाल उत्पीडित जातीय मुक्ति समाज बाँके जिल्ला कमिटिको मिति २०८०/०८/१९ को पत्रानुसार सो समाजको जिल्ला सम्मेलनमा भएको खर्च रु. ११,०००/- (अक्षेरुपी एघार हजार मात्र) भाषा कला संस्कृति जगेर्ना (१-९) शीर्षकबाट उपलब्ध गराउने।

(छ) ईलाका प्रहरी कार्यालय कोहलपुरको मिति २०८०/०७/२१ च. न. ४० को पत्रानुसार तहाँ कार्यालयको भान्सा कोठा, तारवार र शौचालय निर्माण मर्मतका लागि रु. १,००,०००/- (अक्षेरुपी एक लाख मात्र) बराबरको सहयोग जनपद तथा सशस्त्र प्रहरी व्यवस्थापन (१-९) शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

(ज)नागरिक उन्मुक्ति पार्टी, जिल्ला कार्य समिति बाँकेको पत्रानुसार महाधिवेशन व्यवस्थापन गर्ने आर्थिक सहायता माग भई आएकोले रू. ३० हजार विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके, नेपाल

(झ) मिसन एफ. एम. ९०.६ मेघाहर्ज कोहलपुर बाँकेले हाम्रो राप्ती सोनारी कार्यक्रम निर्माण तथा प्रसारणका लागि प्रस्तावना प्राप्त भएकोले सो कार्य गर्न सूचना तथा प्रर्वद्धन मैत्री गा. पा. कार्यक्रम (१-९) शीर्षकबाट रु. १,००,०००/- (अक्षेरुपी एक लाख मात्र) बराबर सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(ञ) विश्वव्यापी महामारी कोभिड १९ का कारण निधन भएका व्यक्तिहरुको सम्झनामा एकल साइकल यात्री नेपालगंज-१२, बाँके निवासी श्री तेज विक्रम शाहले नेपालगंज देखि भारतको दिल्लीसम्मको एकल श्रद्धान्जली साइकल यात्राको कार्यक्रममा आर्थिक सहयोगका लागि निवेदन पेश गरेकोले रू. ३० हजार विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने ।

(ट) नेपालगंज उप महानगरपालिका वार्ड नं. ६ निवासी वेद प्रसाद आचार्यलाई प्राण घातक रोग Prosted Cancer भई काठमाडौंमा उपचार भईरहेकोले प्राप्त निवेदन बमोजिम रु. २०,०००/- (अक्षेरुपी बीस हजार मात्र) उपचार खर्च उपलब्ध गराउने ।

(ठ) भेरी साहित्य समाज केन्द्रीय समिति नेपालगञ्ज बाँकेको मिति २०८०/०७/१२ च. न. ०७ को **बाँके: शताब्दी साहित्य** नामक ग्रन्थ प्रकाशन गर्ने आर्थिक सहयोग गराउने भनी माग भएकोले भाषा, कला तथा संस्कृति जगेर्ना (१-९) शीर्षकबाट रु. ५०,०००/- (अक्षेरुपी पचास हजार मात्र) प्रकाशन खर्च उपलब्ध गराउने ।

(ड) राप्ती सोनारी गाउँपालिका वडा नं. ९, ढकेरीमा अवस्थित श्री बैंकटेश्वर गौशाला व्यवस्थापनका लागि श्री लुम्बिनी प्रदेश सरकार कृषि तथा भुमि व्यवस्था मन्त्रालय पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय बुटवल, रुपन्देहीको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम छाडा चौपाया व्यवस्थापनका लागि स्थानीय तहसंगको समन्वयमा गौशाला निर्माण तथा संचालनमा सहयोग कार्यक्रममा यस गाउँपालिकाको तर्फबाट १५% (पन्ध्र प्रतिशत) लागत साझेदारी गर्ने ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner